मिति :- २०८३/०३/२१ गते

समय :- बिहान ठीक ८:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **६५ औं बैठक** का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा (बि.एम.) | का.बा. नगर प्रमुख | |
| २ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ३ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ४ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ५ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ६ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ७ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ८ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| ९ | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| १० | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| ११ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १२ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १३ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १४ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १५ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १६ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १७ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १८ | भिमा थापा | कार्यपालिका सदस्य | |
| १९ | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २० | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २१ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २२ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २३ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २४ | रामप्रसाद शर्मा | सचिव | |

## मिति २०८३ असार २१ गतेको ६५औं नगरकार्यपालिका बैठकका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | करार कर्मचारीको तलब कायम गर्ने सम्बन्धमा । | चौरजहारी नगरपालिकामा विभिन्न पदमा करार सेवामा कार्यरत कर्मचारी, नगर प्रहरी तथा नगर करार शिक्षकहरूको प्रचलित कानुन, स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) तथा नगरपालिकाको आर्थिक अवस्था, कर्मचारी कार्यसम्पादनको अवस्था, नेपाल सरकारले तोकिएको न्यूनतम पारिश्रमिक दर लगायतका आधारमा हाल खाइपाइ आएको तलबमान तथा सेवा सुविधा नघट्ने गरी आर्थिक वर्ष २०८३/८४ को मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी तलब वृद्धि स्वीकृतिको लागि नगर सभामा पेस गर्ने । | |
| ३ | संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूको सङ्गठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्यप्रकृति कार्यबोझका आधारमा नगरपालिकाको प्रशासनलाई चुस्त, नतिजामुखी र जवाफदेही बनाउन परामर्श सेवा मार्फत तयार गरेको **संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदन** अन्तिम स्वीकृतिका लागि आगामी नगर सभा बैठकमा पेस गर्ने । | |
| ४ | व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ प्रथम संसोधन २०८३ सम्बन्धमा । | चौरजहारी नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ प्रथम संसोधन २०८३ स्वीकृत गर्ने । | |
| ५ | मस्यौदा समिति गठन गर्ने | चौरजहारी नगरपालिकाको आन्तरिक | |

| क.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | सम्बन्धमा । | तथा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुहरूको समयमै फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन **चौरजहारी नगरपालिकाको बेरुजु फछ्र्यौट सम्बन्धी कार्यविधि, २०८३** को मस्यौदा तयार गरी आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्न मस्यौदा समिति गठन गर्ने । | |
| ६ | विविध सम्बन्धमा । | १. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा आर्थिक कारोबार समयमै सम्पन्न गरी वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले नगरपालिकाको कार्यालय मिति २०८३ साल असार १८ गतेदेखि २५ गतेसम्म प्रत्येक दिन बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म सार्वजनिक बिदाका दिनसमेत सञ्चालन गर्ने ।<br>२. मिति २०८३/०१/२१ गते वडा नं. २ स्थित पानीखोला नजिक यस चौरजहारी नगरपालिकाबाट सञ्चालित नगर बस नं. भे १ ख ३९०७ बाट झर्ने क्रममा लडेर घाइते भएका चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) निवासी श्री शिव के.सी.लाई उपचारको लागि आर्थिक सहयोग गर्ने। | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

**चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ बमोजिम मिति २०८३ असार २१ गतेको ६५औं बैठकबाट भएका निर्णयहरू :**

चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक नगरपालिकाका का.वा. नगरप्रमुख श्री इश्वरी शर्मा बि.एम.ज्यूको अध्यक्षता तथा नगरकार्यपालिकाका अन्य सदस्यहरूको उपस्थितिमा मिति २०८३ साल असार २१ गते आइतबार बिहान ८:०० बजे चौरजहारी नगरपालिका नगरकार्यपालिकाको सभा हलमा बसी बैठकमा पेश भएको प्रस्ताव र कार्यसूचीमा उल्लेख भएका विषयका सम्बन्धमा छलफल गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.१: **यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्था सम्बन्धी समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने।

निर्णय नं. २: **करार कर्मचारीको तलब कायम गर्ने सम्बन्धमा** छलफल गर्दा चौरजहारी नगरपालिकामा विभिन्न पदमा करार सेवामा कार्यरत कर्मचारी, नगर प्रहरी तथा नगर करार शिक्षकहरूले निरन्तर रूपमा नगरपालिकाको सेवा प्रवाहमा योगदान पुऱ्याउँदै आएको तथा बढ्दो महँगी, जीवनयापनको लागत र कर्मचारीहरूको मनोबललाई समेत दृष्टिगत गरी, प्रचलित कानुन, स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) तथा नगरपालिकाको आर्थिक अवस्था, कर्मचारी कार्यसम्पादनको अवस्था, नेपाल सरकारले तोकिएको न्यूनतम पारिश्रमिक दर लगायतका आधारमा हाल खाइपाइ आएको तलबमान तथा सेवा सुविधा नघट्ने गरी आर्थिक वर्ष २०८३/८४ को मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी तलब वृद्धि गर्ने र नयाँ तलबमान तथा सेवा सुविधा स्वीकृतिको लागि नगर सभामा पेस गर्ने ।

निर्णय नं.३ : **संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूको सङ्गठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्यप्रकृति कार्यबोझका आधारमा नगरपालिकाको प्रशासनलाई चुस्त, नतिजामुखी र जवाफदेही बनाउन परामर्श सेवा मार्फत Infratech ले तयार गरेको **संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदनमा** छलफल गरी आवश्यक संशोधनसहित स्वीकृत गरी अन्तिम स्वीकृतिका लागि आगामी नगर सभा बैठकमा पेस गर्ने ।

...प्रसाद शर्मा

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
नेपाल
२०७२

**निर्णय नं. ४: व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ प्रथम संसोधन २०८३ सम्बन्धमा छलफल** गर्दा यस चौरजहारी नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ प्रथम संसोधन २०८३ सम्बन्धमा छलफल गर्दा नगरपालिकाको भौगोलिक क्षेत्र बाहिर दर्ता भएर चौरजहारी नगरपालिकामा व्यवसाय गर्ने व्यवसायीहरूबाट व्यवसाय कर संकलन गर्ने प्रयोजनका लागि अभिलेखीकरण र प्रमाणपत्रको ढाँचाको व्यवस्था नभएकोले देहाय बमोजिम यस चौरजहारी नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ संशोधन गर्ने ।

तपसिल

| परिच्छेद / दफा / उपदफा / खण्ड | कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| परिच्छेद-४ को दफा (१५) | दफा र उपदफा नभएकोले थप गर्नुपर्ने | **१५.१ व्यवसाय करको अभिलेख र प्रमाणः** (१) उद्योग तर्फ ३ लाखभन्दा माथि र वाणिज्यतर्फ १० लाख भन्दा माथिका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय वा सोभन्दा माथिल्लो निकायमा दर्ता भएका व्यवसायीबाट नगरपालिकाको आर्थिक ऐन बमोजिम व्यवसाय कर तिर्नुपर्ने छ ।<br>(२) उपदफा १ बमोजिमको व्यवसाय करका लागि नगरपालिका कार्यालयले अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्नुपर्ने छ ।<br>(३) उपदफा २ बमोजिम व्यवसायकर अभिलेखीकरण प्रमाणपत्र अनुसूची-८ बमोजिम हुनेछ । | नगरपालिकाको भौगोलिक क्षेत्र बाहिर व्यवसाय दर्ता भएर चौरजहारी नगरपालिका भित्र व्यवसाय गर्ने व्यवसायीहरूबाट व्यवसाय कर संकलन गर्ने प्रयोजनका लागि अभिलेखीकरण र प्रमाणपत्रको ढाँचाको व्यवस्था नभएको |

**निर्णय नं. ५: मस्यौदा समिति गठन गर्ने सम्बन्धमा** चौरजहारी नगरपालिकाको आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुहरूको समयमै फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक देखिएकोले प्रचलित कानून, स्थानीय तहमा लागू हुने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी व्यवस्था एवं सम्बन्धित निकायबाट जारी निर्देशनलाई आधार लिई **चौरजहारी नगरपालिकाको बेरुजु फछ्र्यौट सम्बन्धी**

...प्रसाद शर्मा

इश्वरीकुमारी शर्मा बि.एम.

कार्यविधि, २०८३ को मस्यौदा तयार गरी आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्न देहायबमोजिमको मस्यौदा समिति गठन गर्ने ।

तपसिल :

१. विरबहादुर राना — २ नं. वडा अध्यक्ष एवम् विधायन समिति संयोजक — संयोजक
२. रामप्रसाद शर्मा — प्रमुख प्रशासकीय अधिकृत — सदस्य
३. रामलाल शर्मा — आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
४. अनिल के.सी. — वरिष्ठ लेखा सहायक — सदस्य
५. देवबहादुर बटाला — प्रशासन सहायक — सदस्य सचिव

निर्णय नं. ६: **विविध सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको मिति २०८३/०३/१७ गते बसेको कर्मचारी बैठकको निर्णयानुसार आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा आर्थिक कारोबार समयमै सम्पन्न गरी वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले नगरपालिकाको कार्यालय मिति २०८३ साल असार १८ गतेदेखि २५ गतेसम्म प्रत्येक दिन बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म सार्वजनिक बिदाका दिनसमेत सञ्चालन गर्ने निर्णयानुसार अतिरिक्त समय कामकाजको लागि खटिने कर्मचारीहरूलाई खानाको व्यवस्थापन गर्ने र उक्त खाना वापतको खर्च **विविध खर्च शीर्षकबाट** व्यहोर्ने ।

निर्णय नं. ७: **विविध सम्बन्धमा** छलफल गर्दा मिति २०८३/०१/२१ गते वडा नं. २ स्थित पानीखोला नजिक यस चौरजहारी नगरपालिकाबाट सञ्चालित नगर बस नं. भे १ ख ३९०७ बाट झर्ने क्रममा लडेर घाइते भएका चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) निवासी श्री शिव के.सी.लाई तत्काल उपचारका लागि चौरजहारी अस्पतालमा लगिएको र उक्त अस्पतालबाट थप उपचारका लागि कोहलपुर मेडिकल अस्पतालमा रिफर भई उपचार भएको साथै जिल्ला बाँके, बैज्यनाथ गाउँपालिका-१ हात्तीसार स्थित रत्न राजमार्ग खण्डमा चौरजहारी नगरपालिकाको नाममा रहेको भे १ झ ३५६ नम्बरको एम्बुलेन्स सवारीबाट उपचारको क्रममा जाँदै गर्दा मिति २०८३/०३/१६ गते दिउँसो अन्दाजी २:०० बजेको समयमा दुर्घटना भइ एम्बुलेन्समा सवार चालक र सुनिता रेग्मी बि.एम. सहित एकाघरका ३ जना व्यक्तिहरू घाइते भइ मेडिकल कलेज (नर्सिंग कलेज) नेपालगञ्ज बाँकेमा निजहरूको उपचार भएकोले मानवीय संवेदनशीलता तथा नगरपालिकाको दायित्वलाई दृष्टिगत गरी निजको उपचारमा लागेको खर्च उपचारसम्बन्धी बिल, भरपाई तथा अन्य प्रमाणित कागजातका आधारमा सवारी दुर्घटना विमाबाट पछि श्रोत भर्ना हुने गरी हाललाई नगरपालिकाको विपद व्यवस्थापन कोष शीर्षकबाट व्यहोर्ने तथा सो सम्बन्धी आवश्यक आर्थिक तथा प्रशासनिक प्रक्रिया पूरा गरी भुक्तानी गर्ने ।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची-८

(दफा १५.१ को उपदफा (२) र (3) सँग सम्बन्धित)

**व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा**

मिति : ...............................

करदाता नं.......................

प्रमाणपत्र नं....................

श्री .....................................

.........................................

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८,चौरजहारी नगरपालिका व्यवसाय कर सम्बन्धी कार्यविधि २०७६ को दफा १५ (२) (३) बमोजिम तपाई ......................... ले व्यवसाय दर्ताका लागि मिति २०८३/०२/०३ गते दिएको निवेदनका आधारमा यस नगरपालिका भित्र .................................... वस्तुको कारोबार गर्न नगरपालिकाको प्रत्येक आर्थिक वर्षको आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर/शुल्क बुझाउने र चौरजहारी नगरपालिका वडा नं. .................. कार्यक्षेत्र रहनेगरी रु ................................ .........................) कुल पूँजी रहेको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

| ....................... | ...................... | ..................... |
|---|---|---|
| तयार गर्न | मिति | प्रमाणित गर्ने |

**शर्तहरु**

१.प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रचलित कानुन बमोजिम व्यवसाय कर बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

२. व्यवसायको नाम, ठेगाना, स्वामित्व, प्रकृति वा सञ्चालन स्थान परिवर्तन भएमा ३५ दिनभित्र नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

३. प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन, नियम, मापदण्ड तथा चौरजहारी नगरपालिकाका निर्णयहरूको पूर्ण पालना गर्नुपर्नेछ।

४. वातावरण संरक्षण, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

५. नगरपालिकाबाट खटिएका कर्मचारी वा अनुगमन टोलीलाई आवश्यक विवरण उपलब्ध गराई अनुगमनमा सहयोग गर्नुपर्नेछ।

६. व्यवसाय कर नबुझाएमा वा झुट्टा विवरण पेश गरी प्रमाणपत्र प्राप्त गरेको पाइएमा प्रचलित कानुन बमोजिम प्रमाणपत्र रद्द गर्न तथा कानुनी कारबाही गर्न सकिनेछ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७४

## व्यवसाय दर्ता / नविकरण

| नवीकरण गरेको मिति | नवीरकण पछी बहाल रहने मिति | बुझाएको दस्तुर रु | रसिद नं. / भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

...प्रसाद शर्मा

इश्वरीकुमारी शर्मा बि.एम.